## दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौँ
बागमती प्रदेश, नेपाल

# होर्डिङ बोर्ड व्यवस्थापन तथा अनधिकृत रुपमा राखिएका विज्ञापन सामग्रीहरू हटाउने ३० (तीस) दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०७९।०५।२८**

यस दक्षिणकाली नगरपालिका क्षेत्रधिकारभित्र यस नगरपालिकासँग तथा सम्बन्धित निकायमा अनुमति नलिई अनधिकृत रूपमा राखिएका होर्डिङ बोर्ड तथा विज्ञापनहरू सार्वजनिक सडक ऐन, २०३१ को दफा १९ अनुसार तथा यस कार्यालयको मिति २०७९।०४।२९ गतेको निर्णयानुसार हटाउन ३० (तीस) दिने सूचना प्रकाशन गरिएको छ। तोकिएको समयभित्र नहटाएमा कार्यालय हटाई सामान जफत गर्ने र हटाउँदा लाग्ने खर्च समेत सम्बन्धित पक्षबाट असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ। यस नगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा ८, अनुसूची-९ अनुसार यस नगरपालिकामा डिजिटल बोर्डको अवधारणा भएको हुँदा हरेक व्यवसायीहरूले तपसिल बमोजिमको नियम पालना गरी सबैले देखिने गरी व्यवसायको डिजिटल बोर्ड राख्न सकिने व्यहोरा जानकारी गरिन्छ।

**तपसिल**

| क्र.सं. | विवरण |
|---|---|
| १. | पसलहरूमा राखिने परिचय पाटीको साइज २X३ फिट सम्मको भएमा विज्ञापन कर लाग्ने छैन। तर तोकिएको भन्दा ठूलो साइजको परिचय पाटी भएमा र विज्ञापन मूलक सामग्री प्रचार गरेमा नियमानुसार शुल्क/कर लाग्ने छ। (विद्युतीय माध्यमबाट सञ्चालन हुने सबै प्रकारको बोर्ड ) |
| २. | नगर क्षेत्रमा सुर्ती एवं मदिरा जन्य पदार्थहरूको विज्ञापन राख्न पाइनेछैन। |

**प्रमुख प्रशासकीय अधिकृत**

**Published on: (2079-05-28, September 13, 2022, Gorkhapatra )**